# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४३) काठमाडौं, भदौ २१ गते २०५० साल ( संख्या २१

## भाग ३

### श्री ५ को सरकार

### गृह मन्त्रालयको सूचना

श्री ५ को सरकारले विदेशी सम्बन्धी नियमावली, २०३२ को नियम २१ ले दिएको अधिकार प्रयोग गरी मिति २०५०।६।१५ तदनुसार १ अक्टोबर, १९९३ देखि लागू हुने गरी नेपाल अधिराज्य भित्र प्रवेशका लागि भिसा जारी गर्दा लाग्ने दस्तूर, भिसाको म्याद थप गर्दा लाग्ने दस्तूर तथा अन्य विविध दस्तूर देहायबमोजिम तोकेको छ ।

१. पर्यटक भिसा जारी गर्दा लाग्ने दस्तूरः–

(क) नियोग र प्रवेशस्थल स्थित अध्यागमन कार्यालयले पर्यटक भिसा जारी गर्दा लाग्ने दस्तूरः–

(१) एक पटक प्रवेश (सिंगल इन्ट्री) को लागि अमेरिकी डलर ४० वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्रा,

(२) दोहोरो प्रवेश (डबल इन्ट्री) को लागि अमेरिकी डलर ७० वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्रा,

(३) बहु प्रवेश (मल्टिपल इन्ट्री) को लागि अमेरिकी डलर १०० वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्रा,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) पर्यटक भिसामा पुनः प्रवेशको सुविधा लिएको अवस्थामा वाहेक पछिल्लो प्रस्थान र पुनः प्रवेशका बीचमा न्यूनतम ३० दिनको अन्तर हुनु पर्नेछ ।

३० दिन व्यतीत नहुँदै प्रवेश गर्नु परेमा निज सोही भिसा वर्षमा पहिलो महिना नेपालमा बसिसकेको भए ५०, दोश्रो महिना बसिसकेको भए ६० र तेश्रो महिना बसिसकेको भए ७० अमेरिकी डलर वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्रा प्रवेश दस्तूर वापत लाग्नेछ ।

२. पर्यटक भिसा म्याद थप गर्दा लाग्ने दस्तूरः–

प्रवेश गर्दा जारी गरिएको भिसाको अवधि ३० दिनको हुने हुँदा सो अवधि पछि दोश्रो र तेश्रो महिनाको लागि प्रति दिन २ अमेरिकी डलर बराबरको नेपाली मुद्रा र सो पछिको अवधिका लागि प्रतिदिन ३ अमेरिकी डलर बराबरको नेपाली मुद्रा ।

३. गैर पर्यटक भिसा जारी गर्दा वा म्याद थप गर्दा लाग्ने दस्तूरः–

(क) नेपाल अधिराज्यमा लगानी गर्ने वा व्यवसाय गर्नेलाई प्रति महिना ३० अमेरिकी डलर बराबरको नेपाली मुद्रा,

(ख) श्री ५ को सरकारको छात्रवृत्तिमा आउने विद्यार्थीलाई कुनै दस्तूर लाग्ने छैन । अध्ययन, अध्यापन तथा अनुसन्धान गर्न आउने अन्य विदेशीलाई प्रति महिना २० अमेरिकी डलर बराबरको नेपाली मुद्रा,

(ग) नेपाली बाबु वा आमाका १६ वर्ष भन्दा माथिका विदेशी राहदानी वाहक सन्तानलाई प्रति महिना १० अमेरिकी डलर बराबरको नेपाली मुद्रा । त्यस्ता विदेशी राहदानी वाहक विद्यार्थी भएको अद्यावधिक प्रमाण पेश गरेमा कुनै दस्तूर लाग्ने छैन ।

(घ) ईजाजत प्राप्त पत्रकारहरूलाई प्रति महिना १० अमेरिकी डलर बराबरको नेपाली मुद्रा,

(ङ) श्री ५ को सरकारको कार्यालय तथा आयोजनामा प्रत्यक्ष रूपमा संलग्न भई कार्यरत हुने विदेशीहरूलाई प्रति महिना २० अमेरिकी डलर बराबरको नेपाली मुद्रा,

(च) नेपाली नागरिकसँग विवाह गर्ने विदेशी स्वास्नी मानिसलाई वैवाहिक आधारमा पहिलो पटक गैर पर्यटक भिसा जारी गर्दा एक पटक मात्र १०० अमेरिकी डलर बराबरको नेपाली मुद्रा,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२६६

(छ) अन्य विदेशीहरूलाई प्रति महिना ३० अमेरिकी डलर बराबरको नेपाली मुद्रा,

(ज) गैर पर्यटक भिसामा एक पटक प्रवेश, दोहोरो प्रवेश र बहु प्रवेशको सुविधा लिनु परेमा क्रमश ४०, ७०, २०० अमेरिकी डलर बराबरको नेपाली मुद्रा दस्तूर लाग्नेछ ।

४. आवासीय भिसा जारी गर्दा वा नवीकरण गर्दा लाग्ने दस्तूरः–

(क) प्रथम पटक आवासीय भिसा जारी गर्दा २०० अमेरिकी डलर बराबरको नेपाली मुद्रा र नवीकरण गर्दा वार्षिक १०० अमेरिकी डलर बराबरको नेपाली मुद्रा ।

५. अन्तरीम भिसा जारी गर्दा लाग्ने दस्तूरः–

अन्तरीम भिसा जारी गर्दा १० अमेरिकी डलर वा सो बराबरको परिवर्त्य विदेशी मुद्रा लाग्नेछ ।

६. अन्य दस्तूरः–

(क) अध्यागमन विभागबाट प्रवेश भिसाको रूपमा पर्यटक भिसा जारी गर्नु परेमा प्रवेश स्थलमा तिर्नु पर्ने दस्तूरमा २५ प्रतिशत थप गरी सो बराबर-को नेपाली मुद्रा दस्तूर लाग्नेछ ।

(ख) यात्रा अनुमति पत्र जारी गर्दा वा आगमन वा प्रस्थान प्रमाणित गर्दा १० अमेरिकी डलर बराबरको नेपाली मुद्रा दस्तूर लाग्नेछ ।

(ग) भिसा अन्य प्रतिमा स्थानान्तरण गर्नु परेमा ५ अमेरिकी डलर बराबरको नेपाली मुद्रा दस्तूर लाग्नेछ ।

७. गैर पर्यटक भिसाको दस्तूर गणनाः–

दस्तूर प्रयोजनका लागि गैर पर्यटक भिसाको अवधि गणना गर्दा १५ दिन भन्दा कम अवधिको भिसा भए १५ दिन सम्मको र १५ दिन भन्दा बढी एक महिना भन्दा कम अवधिको भए १ महिनाको भिसा दस्तूर लाग्ने गरी दस्तूरको गणना गरिनेछ ।

८. विलम्ब दस्तूरः–

माथि उल्लिखित कुनै पनि भिसाको म्याद थप गर्दा भिसाको म्याद गुज्रिसकेको भए गुज्रेको अवधिको हकमा जति शुल्क लाग्ने हो सो को दोब्बर विलम्ब शुल्क समेत थप लाग्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९. माथि जुनसुकै कुरा लेखिएको भएता पनि कुनै मित्रराष्ट्रहरूले भिसाको दस्तूर उपर्युक्त दरभन्दा घटी वा बढी लिई आएको भए पारस्परिकताको आधारमा त्यस्ता राष्ट्रका पर्यटकहरूलाई सोही अनुसारको भिसा दस्तूर श्री ५ को सरकारले तोक्न सक्नेछ ।

१०. उपरोक्त दस्तूर सम्बन्धी खण्ड ४१, संख्या १९ मिति २०४८।५।३ को नेपाल राजपत्र भाग ४ मा प्रकाशित यस मन्त्रालयको सूचना खारेज गरिएको छ ।

आज्ञाले,
भोजराज पोखरेल
श्री ५ को सरकारको का. मु. सचिव

श्री ५ को सरकार
## अर्थ मन्त्रालयको सूचना

श्री ५ को सरकारले मनोरञ्जन कर ऐन, २०१७ को दफा ९ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी नेपाल लोक साँस्कृतिक संघले सिन्धुली जिल्लाका बाढी पीडितहरूको सहायतार्थ राष्ट्रिय सभा गृहमा मिति २०५०।४।३० गते प्रदर्शन गरिएको नेपाली कथानक भिडियो चलचित्र "सिन्दुर" को एक शो प्रदर्शनमा लाग्ने मनोरञ्जनकर पूर्णरूपले छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले,
त्रिलोचन उप्रेती
कानून अधिकृत, उप सचिव



मुद्रण विभाग, सिंहदरबार काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
260
मुद्रण विभाग, सिंहदरबार